कीर्तिपुरको चित्रण

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

कीर्तिपुर सन्देश

KIRTIPUR SANDESH WEEKLY

साप्ताहिक

वर्ष ५ अंक २३(संयुक्तांक २२८) ने. सं. ११३६ पोहेलाथ्व चौथी बुधवा: २०७२ पुस २९ गते बुधवार (Jan 13, 2016) मूल्य रु.५/- पृष्ठ १०

पहिचानका लागि राजधानी केन्द्रीत आन्दोलनको तयारी

‘मधेसी – जनजातिको गठबन्धन’

कीर्तिपुर सन्देश

मुलुकमा नयाँ संविधान जारी भएदेखि लगातर रुपमा असहज अवस्था सृजना भइरहेको अवस्था छ। यस्को प्रमुख कारण भनेको प्रमुख राजनीतिक पार्टीहरुले बहुमतको आधारमा गणितीय खेललाई नै प्रमुख मानी जारी गरेको नयाँ संविधान हो।

नयाँ संविधान जारी भएको एक सय दिन पनि नवित्दै प्रमुख दलहरुले नै संविधान संशोधनका लागि संसदमा विधयेक पेस समेत गरेको र त्यही सविधानलाई उत्कृष्ट संविधान पनि भन्दै आएका कारण नेपालको राजनीतिमा प्रमुख राजनीतिक दलका प्रमुख नेताहरु नै अन्यौलतामा रहेको विश्लेषण हुन थालको छ।

यसै वीच लामो समयदेखि आन्दोलन गर्दै आएको मधेसी मोर्चादेखि आदिवासी जनजातिहरुले संयुक्त गठबन्धन बनाई आन्दोलनलाई प्रभावकारी बनाउने रणनीति बनाएको थाहा भएको छ।

आन्दोलनरत संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले अव पहिचान सहितको संघीयताको मुद्दाको सवालमा आदिवासी जनजातिहरुसंग मोर्चाबन्दी बनाई अघि बढ्ने तयारी गरेको थाहा भएको छ।

आन्दोलन मधेसी मोर्चाका एक नेताले कीर्तिपुर सन्देश साप्ताहिकलाई दिएको जानकारी अनुसार पहिचान सहितको संघीयताका लागि जारी गरेको संविधानको विरोध गर्दै आएका राजनीतिक पार्टीदेखि विभिन्न मोर्चाहरुसंग गठबन्धन बनाई आन्दोलन गर्ने तयारी गरेको छ। आदिवासी जनजातिहरुले पद्मरत्न तुलाधर को नेतृत्वमा बनाएको आदिवासी जनजाति राष्ट्रिय आन्दोलन नेपालदेखि विभिन्न मोर्चा, व्यवस्थापिका संसदमा रहेका र संसद बाहिर रहि जनजातिको मुद्दा उठाउदै आएका विभिन्न राजनीतिक पार्टीहरुसंग समेत संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले आन्दोलनका लागि गठबन्धन बनाउने तयारी गरेको थाहा भएको छ।

मधेसी मोर्चामा रहेको संघीय समाजवादी फोरम नेपालका सहअध्यक्ष राजेन्द्र श्रेष्ठले मधेसमा आन्दोलन गर्दै आएकादेखि संसदमा भएका र संसदवाट बाहिर रहेका राजनीतिक दलदेखि मोर्चाहरुको एउटै केन्द्र बनाई राजधानी केन्द्रित आन्दोलन गर्ने तयारी भइरहेको बताउनु भएको छ। विशेष गरि जारी भएको संविधानले आदिवासी जनजाति, मधेसी, दलित, मुस्लिमदेखि राज्यले विगतदेखि उत्पीडनमा पारिएका समुदायको लागि समानता, पहिचानको मुद्दा बोक्दै आएका पक्षहरुसंग गठबन्धन बनाई आन्दोलनरत पक्षहरुको एउटै केन्द्र बनाउने पहलकदमी भइरहेको समेत नेता श्रेष्ठले स्वीकार गर्नु भएको छ।


यसै वीच सूत्रले दिएको जानकारी अनुसार माघ महिना भित्रमा त्यस्तो गठबन्धन बनाउने र आन्दोलनरत पक्षहरुको एउटै केन्द्र बनाई एकै पटक देशव्यापी आन्दोलनको घोषणा फागुन महिनाभित्र गर्ने तयारी गरिरहेको अवस्था छ।

संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाले सयौं दिनअघिदेखि लगातार रुपमा मधेसमा आन्दोलन जारी राखेतापनि प्रमुख राजनीतिक दलदेखि ओली सरकारले वेवास्ता गर्ने र वार्ताको नाटक गर्दै आन्दोलनलाई समाप्त पार्ने षडयन्त्र गरेको ठहर गर्दै अवका दिनमा आदिवासी जनजातिहरुसंग पनि गठबन्धन बनाई संयुक्त रुपमा आन्दोलन गर्नुपर्ने ठहर गरि सो पहलकदमी गरेको एक नेताले कीर्तिपुर सन्देशलाई बताउनु भएको छ।

उहाँले दिएको जानकारी अनुसार अव हुने आन्दोलन भनेको राजधानी केन्द्रीत हुने र विभिन्न जिल्लादेखि प्रदेशवाट राजधानीमा मार्चपास गर्दै आउने र राजधानीमा नै बसी लागातर रुपमा सडक संघर्ष गर्ने तयारी भइरहेको छ।

राजधानी केन्द्रीत आन्दोलन गर्नका लागि विभिन्न प्रदेशवाट आउने आन्दोलनकारीहरुका लागि व्यवस्थापन कसरी तयार गर्ने भन्ने विषयमा पनि आन्दोलनरत संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाभित्र छलफल भइरहेको बताएको छ।

त्यसका लागि सम्वन्धित पक्ष नेपालका आदिवासी जनजातिका राष्ट्रिय संगठनहरुसंग कुराकानी भइरहेको र आदिवासी जनजाति राष्ट्रिय आन्दोलन नेपालसंगपनि छलफल जारी राखेको सूत्रलेबताएको छ। माघ महिनाभित्र नै सो गठबन्धन बनाई आन्दोलनका कार्यक्रम सार्वजनिक गर्ने तयारी समेत गरेको थाहा भएको छ।



कोरियन
भाषा कक्षाहरु संचालन भइरहेका छन्

VALLEY
Institute Kirtipur
NEAR KIRTIPUR NEW GATE Ph: 01-4332509

- दैनिक ३ घण्टा EPS-Topic परीक्षाको लागि तयारी कक्षा र हरेकदिन Class Test को व्यवस्था ।
- Books/CDsहरुको राम्रो व्यवस्था साथै Audio/Visual र Exercise and Question Books को व्यवस्था ।
- EPS-TOPIKको परीक्षालाई मध्यनजर गरी परीक्षामा विद्यार्थीहरुले सामना गर्नु पर्ने सम्भावित समस्याहरुलाई सम्बोधन गर्ने गरी हरेक हप्तामा छुट्टै Full Model Test (Weekly Test)
- नियमित परीक्षाहरुको माध्यमबाट विद्यार्थीहरुको स्तर छुट्याई सोही अनुरुपकोविशेष कक्षाहरुको व्यवस्था
- कमजोर विद्यार्थीहरुले Supporing Class अनिवार्य रुपमा लिने व्यवस्था
- विगतका वर्षहरुमा विद्यार्थीहरुलाई सर्वाधिक उत्तीर्ण गराउन सफल

यसपाली चाहिं
जसरी
पनि जाऔं है
कोरिया

कानुनी सल्लाहकार
ज्ञानबहादुर महर्जन
प्रकाशक
नजरराम महर्जन
(९८४१४०१०७७)
सम्पादक
श्रीकृष्ण महर्जन
प्रवन्धक
निरजमान सिंह

व्यवस्थापन
भरत महर्जन
वेभसाइट व्यवस्थापन
राज श्रेष्ठ
प्रेस: शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं
कार्यालय: निखासी टोल: कीर्तिपुर नपा-३
फोन नं.: ४३३३००७
kirtipur_sandesh@live.com
http://kirtipursandesh.blogspot.com

काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८

सम्पादकीय

प्राज्ञहरुको नेपाल प्रज्ञा प्रतिष्ठानले गरेको राजनीतिक गतिविधि

नेपाल प्रज्ञा प्रतिष्ठान भनेको प्राज्ञिकहरुको संगठनको रुपमा सम्पूर्ण नेपालीहरुले बुझेका छन् । सरकारले नै नियुक्ति गर्ने भएतापनि नेपाल प्रज्ञा प्रतिष्ठानमा रहनेहरु प्राज्ञिक व्यक्तित्वहरुले सरकारको गुनगान गर्ने मात्र हैन देश र जनताको लागि पनि आवाज बुलन्द गर्ने एउटा संगठनको रुपमा बुझ्दै आएका थिए । तर पछिल्लो समयमा नेपाल प्रज्ञा प्रतिष्ठनले राजनीतिको सवालमा विवाद बन्दै आएको पृथ्वी नारायण शाहको जन्म जयन्तीलाई राष्ट्रिय एकता दिवसको रुपमा यसपालि मानेका कारण विवाद सृर्जना हुनु स्वाभाविक नै हो ।

नेपालमा २०६२/०६३ सालको जनआन्दोलन पश्चात राज्य पक्षले पृथ्वी नारायण शाहको जन्म दिन पुष २७ गतेलाई पृथ्वी जयन्ती अर्थात राष्ट्रिय एकता दिवसको रुपमा नमानेको अवस्थामा करिव १० बर्ष पछि राज्यकै एउटा अंगको रुपमा रहेको प्रज्ञा प्रतिष्ठानले सो दिवस मानेका कारण यसपालि चर्चा पाएको छ । वर्तमान ओली सरकार को उपप्रधानमन्त्री भई पौष २७ गतेलाई राष्ट्रिय एकता दिवसको रुपमा मान्नका लागि पहलकदमी गरेतापनि असफल भएका कमल थापा र सीपि मैनालीलाई निमन्त्रणा गरि प्रज्ञा प्रतिष्ठानले पृथ्वी दिवस मानेका छन् ।

हाल प्रज्ञा प्रतिष्ठानका कुलपति हैसियत पाएका गंगाप्रसाद उप्रेतिले नागरिक स्तरवाट उप्रेतिहरुदेखि अन्य व्यक्तित्वहरु सहभागी गराई पृथ्वी जयन्ती वा एकता दिवस मानेको भए सायद विवाद हुदैनथियो । तर राज्यकै एउटा अंगको तर्फवाट आदिवासी जनजाति, मधेसीदेखि उत्पीडित समुदायको भावनाको विपरित राज्यकै सम्पत्ति खर्च गर्दै एकता दिवस मनाउने कार्य जुन ढंगवाट नेपाल प्रज्ञा प्रतिष्ठानले गरेको छ यो अवश्य नै विवादित विषय बनेको छ ।



वातावरण संरक्षण समाज तथा कीर्तिपुर फोहर व्यवस्थापन सेवाद्वारा वातावरण संरक्षण सम्वन्धी जन चेतनात्मक अभियान कार्यक्रम अन्तर्गत पांगा सालिकदेखि ढोकासीसम्मको सडकमा सर सफाई अभियानको एक झलक । उक्त अभियान गत पुष २५ गते शनिवार विहान वातावारण संरक्षण समाजका अध्यक्ष शंकर डंगोलले सडक बढारी उद्घाटन गर्नु भएको थियो । उक्त कार्यक्रममा वातावरण संरक्षण समाजका पदाधिकारीहरु र विभिन्न महिला समूहका महिलाहरुको सहभागीता रहेको थियो ।

एकीकरणदेखि सुगौली सन्धिसम्मको तथ्य इतिहासमा

फणिन्द्र नेपाल

नेपाल-अंग्रेज युद्ध :

अंग्रेजहरू नेपाल अधिराज्यसँग वाणिज्य सन्धि गरी भोटसम्म व्यापार बढाउन चाहन्थे तर नेपालको नीति अंग्रेजविरोधी थियो । ब्रिटिश-इन्डियाबाट भोट पस्ने मार्गमा नेपालको कब्जा भएको हुँदा नेपालसँग लड्ने उपाय मात्र उनीहरूले बाँकी देखे । पश्चिमतर्फका देहरादुन, कुमाउँ, गढवाल, शिमला, नैनीताल र पूर्वतर्फका दार्जीलिङ, सिक्किम आदि स्थान चिसो हावापानीयुक्त भएकाले उनीहरू यी प्रदेश कुनै पनि हालतमा नेपालबाट हात पार्न चाहन्थे । यसका निम्ति उनीहरूले नेपाल अधिकृत बुटवल र स्युराजको विषयलाई झगडाको बिउ बनाउन खोजे ।

सीमा सन्धिको कुरा गर्दा ई.सं. १८०१ मा नेपाल र इस्ट-इन्डियाबीच भएको सन्धिको उल्लेख गर्नु प्रासङ्गिक हुने छ (अनुसूची: १) । यस तेह्र सूत्रीय सन्धिको पाँचौं धारामा सीमा विवादको समाधानको प्रावधान बारे उल्लेख गरिएको छ । तर अंग्रेजहरूले यसको बेवास्ता गर्दै सीमा सम्बन्धी निहुँ झिकेर लडाई गर्ने सुर कसे । उनीहरूले २५ दिनभित्र उत्तर पाउने गरी बुटवल र स्युराज छाडिदिने विषयमा नेपालसँग पत्राचार गरे । नेपालले जवाफ दिनु पर्ने अन्तिम म्याद बित्नासाथ अङ्गेजी फौज बुटवलतर्फ रवाना भयो ।

नेपाली फौजले कुनै मुकाविला गरेन तर सो पल्टन फर्कनासाथ २९ मे १८१४ मा नेपाली फौजले आक्रमण गरी ती दुवै भागमा आफ्नो अधिकार पुन: कायम गऱ्यो । यसैलाई निहुँ बनाएर १ नोबेम्बर १८१४ ई. का दिन अंग्रेज पक्षले नेपालसित युद्धको घोषण गऱ्यो तर अंग्रेज पक्ष त्यसभन्दा पहिले नै २२ अक्टुबरकै दिन देहरादुनको इलाकामा घुसिसकेको थियो । यसरी युद्धनीतिका विपरीत आफैले दिएको आवधि समाप्त हुनुभन्दा पहिले नै अङ्गेजहरुले नेपाल अधिराज्यका सीमाक्षेत्रका पाँच स्थानमा आफ्ना सैनिक छाउनी खडा गरे । क्याप्टेन लेटर नेपाल अधिराज्यको पूर्वी भूभाग सिक्किम तथा दार्जीलिङमाथि कब्जा जमाउन खटिए भने मेजर जनरल अक्टर लोनी लुधियानामा बसेर नेपालको तात्कालिक सुदूर पश्चिमको भूभागमाथि आक्रमण गर्ने तयारी गरिरहेका थिए । मेजर जनरल जिलेस्पी नेपाल अधिराज्य अन्तर्गतको भूभाग देहरादून, नाहान, गढवाल, श्रीनगर आदि इलाकामाथि निसाना साधिरहेका थिए । मेजर जनरल मार्ले मकवानपुरको बाटो राजधानी काठमाडौँमाथि आक्रमण गर्न अह्राइएका थिए । त्यस्तै क्याप्टेन लेटरलाई कोशीदेखि टिस्टासम्म को सीमा हेर्न थप जिम्मेवारी दिइएको थियो । अङ्गेज पक्षबाट करिव ४५ हजारको सैन्यबल र त्रियासी ओटा तोप युद्धभूमिमा तैनाथ गरिएका थिए । नेपालको सैन्यशक्ति त्यसको आधा पनि थिएन, तैपनि युद्धको पहिलो वर्ष अङ्गेजहरुले सोचे जति सफलता पाएनन् । नेपाली फौजभन्दा अधिक संख्या र आधुनिक हातहतियारले सुसज्जित अङ्गेजी फौजसँग नेपाली पक्षले जुन र णकौशल देखायो । त्यसलाई शत्रुपक्षले पनि उदाहरणीय ठानेको पाइन्छ । तर १८१५ मार्चदेखि भने उनीहरू पूरा तागत र पर्याप्त सामग्रीका साथ लडेका हुँदा अल्पसंख्यक नेपाली फौज पछि हट्न बाध्य भयो । उक्त घमासान युद्धमा १८१५ अप्रिल २३ का दिन हस्तिदल शाहीले वीरगति प्राप्त गरे । मलाउँको किल्लाको रक्षाका निम्ति तैनाथ भक्ति थापा पनि देउथलको युद्धमा लड्दा लड्दै छातीमा गोलीलागी दिवंगत भए ।

अङ्गेज पक्षबाट करिव ४५ हजारको सैन्यबल र त्रियासी ओटा तोप युद्धभूमिमा तैनाथ गरिएका थिए । नेपालको सैन्यशक्ति त्यसको आधा पनि थिएन, तैपनि युद्धको पहिलो वर्ष अङ्गेजहरुले सोचे जति सफलता पाएनन् ।

अंग्रेजहरू निरन्तर अगाडि बढ्दै आइ रहेका थिए । अलमोडामा भएको युद्धमा पनि नेपाली पक्षले सर गर्ने सम्भावना कम देखियो । नभन्दै २८ अप्रिलका दिन बम शाहले पनि अंग्रेजहरूसमक्ष आत्मसमर्पण गरे ।

अमरसिंह-अक्टरलोनी समझदारी:

अलमोडाको पतन र बम शाहको आत्मसमर्पणको सूचना पाएपछि ८ मे १८१५ का दिन अमरसिंह थापाले अक्टरलोनीलाई एक पत्र लेखी उनको इच्छाका विषयमा सोधे तर अक्टरलोनीले युद्धको नियमानुसार पहिले अमर सिंह थापाले नै आफ्नो विचार स्पष्ट गर्नुपर्छ भनी प्रत्युत्तर दिएका हुँदा ११ मे १८१५ मा रामदासले अक्टरलोनीलाई अमर सिंह थापा सन्धि गर्न चाहनुहुन्छ भन्ने सूचना दिए । यसरी अमर सिंह थापाले अक्टरलोनीसँग सन्धि गर्न सहमति व्यक्त गर पछि पश्चिमतर्फ युद्धविराम भयो । अंग्रेज पक्षबाट सहमित-पत्रका बुँदाहरू तयार पारिए । फलस्वरुप १५ मेका दिन पश्चिमका कमान्डर अमरसिंह थापाले अक्टरलोनीसँग अनिष्टकारी समझदारी-पत्र(अनुसूची: २) मा हस्ताक्षर गरि दिए । महाकालीपारि सतलज सम्मको पहाडी र तराई भूभाग इस्ट इन्डिया कम्पनीको अधीन हुने भयो । सुगौली सन्धिले महाकालीपारि कुन कुन भूभाग कम्पनीलाई दिनु पर्ने भन्ने सम्बन्धमा कुनै किटानी उल्लेख गरिएको छैन तर अमरसिंह थापा र अक्टरलोनीका बीच भएको उक्त समझारीपत्रमा तात्कालीन नेपाल अधिकृत भूभागका बारेमा स्पष्ट उल्लेख गरिएको छ ।

१८१५ को १५ मेका दिन भएको उक्त समझदारीपत्रमा ९ धाराहरू छन् । ती नौ धार हरुमध्ये पहिलो, दोस्रो, तेस्रो, छैठौं, सातौं र आठौं धारामा नेपालले महाकाली नदीदेखी पश्चिमतर्फ गुमाउनुपरेका भू-भागको नामाङ्कन गरिएको छ । उक्त धाराहरूमा राजगढ, मलाउँ, जैथक, हरिद्वार, नजीवाबाद, भिली, आर्किफ, सबाथु, जगतगढ, वाइन, कुमाउँ, गढवाल आदिको उल्लेख पाइन्छ । यमुना र सतलजका बीचका किल्ला एवं गढको पनि उक्त सन्धिमा उल्लेख गरिएको छ । यस समझदारीले सुगौली सन्धि हुनुपूर्व नेपालको पश्चिमी सिमाना सतलज नदीसम्म कायम थियो भन्ने कुराको पृष्टि गरेको छ ।

सुगौली सन्धिका बुँदाहरू अंग्रेजहरूले तयार गरे, जसमा नेपालको सीमा पूर्वमा मेची नदी र पश्चिममा महाकाली नदी कायम गरियो ।

सुगौली सन्धि:

अमरसिंह थापा र अक्टर लोनीबीच भएको उक्त समझदारीको करिब ६ महिनापछि सन. १८१५ डिसेम्बर २ मा मात्र सुगौली सन्धि (अनुसूची: ३) प्रस्तावित गरियो । सुगौली सन्धिका बुँदाहरू अंग्रेजहरूले तयार गरे, जसमा नेपालको सीमा पूर्वमा मेची नदी र पश्चिममा महाकाली नदी कायम गरियो । कोसी र कालीबीचको समस्त तल्लो भूमि अर्थात् तराईजति सबै इस्ट इन्डिया कम्पनीलाई सुम्पिनु पर्ने भयो । मेचीपारि टिस्टासम्मको समस्त पहाडी प्रदेश र तराई खण्ड (अहिले त्यो भूभाग बंगलादेशसँग जोडिएको छ) तथा महाकालीपारि सतलजसम्मको समस्त पहाडी प्रदेश र तराईखण्ड पनि अंग्रेजको अधीन हुन पुग्यो ।

सन्धिमा असहमित:

सुगौली सन्धिमा विवादमा नपरेका नेपाल अधिकृत भूभागहरू पनि कम्पनी सरकार लाई सुम्पने प्रावधान भएकाले नेपालले यस सन्धिमा उल्लिखित केही अभिधाराप्रति आफ्नो असहमति र असन्तुष्टि प्रकट गरेको हुँदा नेपाल र कम्पनी सरकारका बीच केही तराई फिर्ता गर्ने प्रयोजनका निम्ति अर्को आंशिक सन्धि (अनुसूची :४) भयो । ८ डिसेम्बर १८१६ मा भएको त्यो पूरक सन्धिबाट कोसी र राप्तीका बीचको तराई नेपाललाई फिर्ता भयो तर मूल सन्धिको धारा ४ को प्रावधानलाई खारेज गरियो ।

यसरी प्रस्तावित सुगौली सन्धिको तेस्रो धारामा उल्लेख भए अनुसार सदाका निम्ति ब्रिटिश सरकारलाई छाडेको भनिएको भूभागमध्ये १ वर्षभित्रमै कोसी र राप्तीका बीचको तराई नेपालले फिर्ता पायो ।

पश्चिम तराई फिर्ता:

सन् १९५७ मा बंगालका सैनिकहरूबाट लखनउमा भएको ब्रिटिशहरू विरुद्धको विद्रोह (जसलाई स्वतन्त्रता(संग्राम पनि भनिन्छ) लाई दबाउन सैनिक सहायता गरी उक्त विद्रोहलाई सफलतापूर्वक दमन गरेबापत खुसी भई अंग्रेजले सन् १८३० नोबेम्बर १ तारिखमा भएको त्रिसूत्रीयसन्धि (अनुसूची: ५) अनुसार नेपाललाई काली र राप्ती नदीबीचको भूभाग जसलाई नयाँ मुलुक पनि भनिन्छ । फिर्ता गरिदियो । नेपालले यसपछि पनि पहिले गुमेको भूभाग प्राप्त गर्ने कोसिस गरे पनि सन् १८६० को सन्धिबाट जुन र जति भूभाग उसले प्राप्त गर्यो त्यो नै अन्तिम किस्ता हुन गयो ।

क्रमश

कीर्तिपुरको छ्याक: ल्वहंमा दर्जनौं जनजातिहरुले पृथ्वीनारायणको नाममा थुके

नेवा: प्रदेशमा आदिवासी जनजाति जागरण अभियानले पुष २७ गते कीर्तिपुरमा विशेष कार्यक्रम आयोजना गरि पहिलो चरणको अभियान समापन गरेको छ।

कीर्तिपुरको लायकू अर्थात दरवार क्षेत्रमा आदिवासी जनजातिहरुको भेला वीच भएको सभाको सभापतित्व नेवा: प्रदेशमा आदिवासी जनजाति जागरण अभियानका संयोजक अर्जुन महर्जनले गर्नु भएको थियो।

अभियन्ता रामभोला महर्जनले संचालन गर्नु भएको सो सभामा अर्जुन महर्जनले कविता वाचन गर्दै सभापतित्वको आसन ग्रहण गर्नु भएको सो कार्यक्रममा अभियन्ता एवं पत्रकार नजरराम महर्जनले स्वागत मन्तव्य व्यक्त गर्नु भएको थियो।

उहाँले कीर्तिपुरवासीमाथि पृथ्वीनारायण शाहले एकीकरणको नाममा गोरखा राज्य विस्तारका लागि आक्रमण गरेको र आक्रमण गरि कीर्तिपुर जितीसकेतापनि नियतवस नै कीर्तिपुरसावीको नाक र कान काटेको कारण कीर्तिपुरवासीले पृथ्वीनारायण शाहको नाममा छ्याक: ल्वहंमा थुक्दै आएको बताउनु भएको थियो। कार्यक्रममा लोककवि राजभाई जक:मिले कीर्तिलक्ष्मीको कविता वाचन गर्नु भएको थियो।

त्यसै गरि अभियन्ता विश्वनाथ श्रेष्ठले संविधानमा आदिवासी जनजातिलाई विभेद गरेको र पृथ्वीनारायण शाहले गोरखाराज्य विस्तारको क्रममा कीर्तिपुरवासीको नाक कान काटेको बास्तवमा नेवा: समुदायकै नाक कान काटेको बताउनु भयो। त्यसै गरि नेवा: देय् दबूका अध्यक्ष नरेश ताम्रकारले कीर्तिपुरवासी वीर भएको उल्लेख गर्दै अधिकारका लागि आदिवासी जनजातिहरु एकमत भइ अगाडी बढ्नुपर्ने र आउदो माघ ४ गते नेवा: एकता दिवसमा नेवा: समुदाय सहभागी हुन आह्वान पनि गर्नु भयो। त्यसै गरि कार्यक्रममा सरिता महर्जनले आदिवासी जनजातिलाई जारी भएको संविधानले विभेद पारिएको बताउनु भएको थियो।

कार्यक्रममा रामभक्त महर्जनले कविता वाचन गर्नु भएको थियो भने अभियन्ता एवं नेवा: पत्रकार राष्ट्रिय दबूका केन्द्रीय अध्यक्ष श्रीकृष्ण महर्जनले जारी भएको संविधानले नेवा: र आदिवासी जनजाति मधेसीलाई दोस्रो दर्जाको नागरिक बनाई खस आर्यलाई पहिलो दर्जाको नागरिक बनाएको बताउनु भयो। उहाँले भाषा, संस्कृतिदेखि समानुपातिक प्रतिनिधित्वको अधिकार समेत वर्तमान संविधानले खोसेका कारण जारी भएको संविधान आदिवासी जनजाति विरुद्धको संविधान भएको बताउनु भयो। पत्रकार महर्जनले कीर्तिपुर को छ्याक: ल्वहंमा थुक्नुपर्ने चलनको बारेमा समेत चर्चा गर्नु भएको थियो।

कार्यक्रममा अभियन्ता एवं आदिवासी जनजाति बुद्धिजीवी नन्द कङदङवाले अभियानलाई जारी राख्ने र अभियानले नेवा: समुदायमा मात्र नभइ आदिवासी जनजातिका विभिन्न स्थानमा समेत चलाउने र तत्कालै दोस्रो चरणको अभियान संचालन गर्ने बताउनु भएको थियो। लायकू क्षेत्रमा सभा पश्चात ब्यानर सहित सबै सहभागीहरु मंगल स्कूल माथि रहेको छ्याक: ल्वहंमा आई पृथ्वीनारायण शाहको नाममा थुकेका थिए। दर्जनौं आदिवासी जनजातिहरुले सो ढुंगामा थुक्ने कार्य गरि औपचारिक रुपमा सो दिनको कार्यक्रम समापन पनि गरेको थियो। एक हप्ताभित्रै नयाँ चरणको अभियान संचालन गर्ने योजना रहेको समेत नेवा प्रदेशमा आदिवासी जनजाति जागरण अभियानले जनाएको छ।



'पृथ्वी नारायण'को नाममा छ्याक: ल्वहंमा थुक्ने चलन

अत्यन्तै धृणित मात्र नभइ हेर्न र छुन पनि लायक नभएकोलाई थुक्ने हो। थुक्ने भएपछि त्योभन्दा धृणीत काम अरु हुनै सक्दैन र शब्द पनि छैन होला। कीर्तिपुरमा यस्तो एउटा ढुंगा छ जुन ढुंगालाई पाइलाले टेक्न पनि नहुने र थुक्न मात्र हुने ढुंगा। त्यो ढुंगालाई छ्याक: ल्वहं भनिन्छ। अत्यन्तै नराम्रो र छ्याक ढुंगा भएकोले नै नेपालभाषामा छ्याक: ल्वहं भनिएको हो। यो छ्याक: ल्वहंलाई पृथ्वी नारायण शाहको नाममा कीर्तिपुर वासीले थुक्ने गर्दै आएका छन्।

गोरखाका राजा पृथ्वी नारायण शाहले नेपा: एकीकरणको नाममा तत्कालिन अवस्थामा युद्धको नियम समेत उल्लंघन गरि आक्रमण गरेको कुरा इतिहासमा उल्लेख छ। पृथ्वी नारयाण शाहको फौजले नेपा: एकीकरणको नाममा नेवा: वस्ती कीर्तिपुरमा आक्रमण गरि आफ्नो हातमा लिइसके पछि सयौं कीर्तिपुरवासीको नाक र कान काटेको कुरा इतिहासमा उल्लेख छ। त्यो बेलामा करिव ३ सय ८५ जना कीर्तिपुरवासीको नाक र कान काटेको कुरा सो घटनापछि कीर्तिपुरमा पुगेका विदेशी इतिहासकारहरुले लेखेका छन्।

एकीकरणको नाममा आक्रमण गरि आफ्नो हातमा लिएपछि पनि अन्याय मात्र हैन अमानविय तरिकाले आफना पुर्खाहरुको नाक र कान काट्ने कार्य गरेको कारण कीर्तिपुरवासीले पृथ्वीनारायण शाहको कार्य र पृथ्वीनारयण शाहलाई सम्झी कीर्तिपुरको छ्याक: ल्वहंमा यस्तै होस भनी एक ढंगवाट सराप दिदै थुक्ने गरिदै आएका छन्। कीर्तिपुरको चीठू ढोकाबाट तल र आजकल मंगल स्कूल नजिकै छ्याक: ल्वहं रहेको छ। त्यो ढुंगा भनेको साह्रै नराम्रो ढुंगा हो। पृथ्वी नारायण शाहले काठमाडौंको लायकू दरबारमा बसिसकेको अवस्थामा कीर्तिपुरवासीहरु जहाँ गएर आएको भए पनि पृथ्वी नारायण शाह बसिरहेको दरबार काठमाडौंको लायकूतिर हेरेर त्यही छ्याक ल्वहँमा थुक्दै आइरहेका छन्। सिंढी भएको ठाउँमा दक्षिणतिर काठमाडौं राजदरबारतिर हेरेर छ्याक: ल्वहँमा थुक्ने चलन रहेको छ। यसरी कीर्तिपुरमा पृथ्वी नारायण शाहको फौजले अन्यायपूर्वक एकीकरणको नाममा आक्रमण गरेर जितेको अनि त्यसपछि अमानविय काम गरेकोले त्यस्तो काम र पृथ्वी नारायण शाहलाई थुक्ने गर्दै आइरहेको हो भनेर कीर्तिपुरवासीले भनिदै आएको छ।

पृथ्वी नारायण शाहले नेपाल एकीकरणको नाममा आक्रमण गरि जितेपछि नै नेवा:देखि आदिवासी जनजातिदेखि विभिन्न समुदायका भाषा, संस्कृतिदेखि इतिहास सम्म पनि विस्थापित गर्ने र समाप्त पार्ने कार्य भएको मात्र नभइ एक भाषा, एक जातीको रुपमा नेपाललाई अगाडी लगेको जनजातिहरुले बताउदै आएको कुरा हो। त्यसैले आदिवासी जनजातिहरुले पृथ्वीनारायण शाहको जन्मदिनलाई कालो दिनको रुपमा मनाउदै आएका छन। यसै वीच नेवा: प्रदेशमा आदिवासी जनजाति जागरण अभियनले यहि आउदो पुष २७ गते पृथ्वीनारयाण शाहको जन्म दिनमै दिउसो २ बजे कीर्तिपुरमा एक विशेष कार्यक्रम गरेको थियो। कीर्तिपुरवासी भनेको पृथ्वीनारायण शाहको फौजसंग बहादुरीताका साथ भिडेको र सो फौजलाई ठूलो क्षति पुऱ्याएको साथै जहिले पनि गणतन्त्रको वकालत गर्दै आएको कीर्तिपुरमा नै यसपालि आदिवासी जनजातिहरुको हक अधिकारकालागि आवाज बुलन्द गर्ने तयारीका साथ कार्यक्रमको आयोजना गरेको हो। कीर्तिपुरको लायकू अर्थात दरवारस्क्वायर क्षेत्रमा हुने सो कार्यक्रम पश्चात कार्यक्रममा सहभागीहरु सबै कीर्तिपुरको छ्याक: ल्वहंमा पुगी पृथ्वीनारायण शाहको नाममा सहभागी आदिवासी जनजातिहरुले थुकेका थिए। यो सांकेतिक रुपमा शाह वंशको विरोध, गणतन्त्रवादीको संकेतका साथ साथै पहिचान सहितको प्रदेश निर्माणका लागि र जारी भएको संविधानमा आदिवासी जनजातिदेखि उत्पीडित समुदायको हक अधिकार स्थापनाका लागि हुने कार्यक्रम हो भनी नेवा: प्रदेशमा आदिवासी जनजाति जागरण अभियानले जनाएको छ।





विद्यालयस्तरीय फुटवल प्रतियोगिता हुँदै



–नविन महर्जन–

कीर्तिपुर खेलकूद विकास समाज कीर्तिपुरको आयोजनामा पुस २६ गते आइतवारदेखि अन्तर विद्यालय फुटवल प्रतियोगिता प्रारम्भ भएको छ । लिग कम नकआउट आधारमा नयाँबजार स्थित कीर्तिपुर सामुदायिक खेल मैदानमा उक्त प्रतियोगिता भएको हो ।

प्रतियोगिता लिग कम नकआउट आधारमा खेलाईरहेका छन् । लिग खेलमा उत्कृष्ट १/१ टिम सेमिफाइनलको लागि छनोट हुने प्रावधान गरिएका छन । यस खेलको लिग खेल ३० गते सम्म हुनेछन् भने सेमिफाइनल आगामि पुष २ गते तथा फाइनल ४ गते हुने आयोजकले जानकारी दिनु भएको छ ।

यस प्रतियोगिताको उद्रघाटन खेल मेगस इङ्गलीस स्कुल र न्यू जेनीथ स्कुल बीच सम्पन्न भएको थियो । खेलको उद्घाटन खेलकुद समाजका अध्यक्ष प्रदिप महर्जनले अफिसियललाई बल हस्तान्तरण गरी गर्नु भएको थियो । संयोजक पूर्ण महर्जनले बधाई दिनु भएको थियो ।

उक्त खेलमा न्यू जेनिथ स्कुल ३-० गोलले विजयी भएको थियो । दोस्रो खेल जनसेवा उच्च मा.वि. र ग्रिनभिज स्कुल बीच भएको थियो । जसमा जनसेवा उच्च मा.वि.ले ग्रीन भिलेजलाई ६-० गोलले पराजित गरेको थियो । उक्त दिन भएको तेस्रो खेलमा उज्ज्वल र मङ्गल उच्च मा.वि. भएको थियो । जसमा १-१ गोलले खेल बराबरीमा टुंगिएको थियो ।

त्यसैगरी पुस २७ ते सोमबार लेबोरेटरी र क्रिएटिभ, मेगस र हिलटाउन तथा कीर्ति स्कुल र जनसेवा बीच भएको थियो ।

पहिलो खेल लेबोरेटरी स्कुल र क्रिएटिभ बीच भएको थियो जसमा लेबोरेटरीले ३-१ गोलले जित हासिल गरेको थियो । त्यस्तै दोस्रो खेल मेगस स्कुल र हिलटाउन बीच भएको थियो जसमा मेगसले ५-० गोल अन्तरले जितेको थियो ।

तेस्रो खेलमा जनसेवा उ.मा.वि.ले कीर्ति सेकेन्डरी स्कुललाई २-० गोल अन्तरले विजयी भएका थिए ।

यी हुन् 'बागमती' फिल्मका राम्रा र नराम्रा पक्ष

राजेश हमालको कमब्याक भनेर प्रचार गरिएको फिल्म 'बागमती' गत पुष २४ गते शुक्रबार रिलिज भयो । यो फिल्म अहिले काठमाडौं सहित देशभरका ७० बराबर पर्दामा प्रदर्शन भईर हेको छ । राजधानीका केहि मल्टिप्लेक्सहरुमा पनि यो फिल्म हेर्न दर्शक पुगेकै छन् । यो कुराको पुष्टी फिल्म हलमा रहनु नै हो । किनकी प्राय: नेपाली फिल्मलाई शुक्रबार, शनिबार मात्र शो दिने हल सञ्चालकहरु माझ यो फिल्म भने टिकिरहन सफल छ ।

यो बीचमा हामी फिल्मका राम्रा र नराम्रा केहि पक्षहरुलाई उल्लेख गर्ने प्रयास गरेका छौं ।

सवल पक्ष:

'बागमती' हेर्नुस् एक्शन किङ शिव श्रेष्ठ र महानायक हमालको दमदार फाईट पर्दामा देख्न पाईन्छ । पर्दामा ५० को दशक पार गरिसकेका हमाल र शिव तन्नेरी देखिन्छन् । साउथ ईण्डियन निर्देशकले अन्य नेपाली फिल्ममा समेटिने भन्दा पृथक किसिमको द्वन्द्वात्मक दृश्य यो फिल्ममा पस्केका छन् ।

फिल्मको सिनेमाटोग्राफी तारि फयोग्य छ । ड्रोनबाट खिचिएका केहि दृश्यहरु तथा अन्य दृश्यहरु पनि मनमोहक लाग्छन् । दक्षिण भारतिय प्राविधिकहरुले गरेको 'बागमती'को प्राविधिक पक्ष पनि तारिफयोग्य नै छ । व्याकग्राउण्ड साउण्ड उच्च छ । अन्तर्राष्ट्रिय स्तरका हलिउड बलिउड फिल्ममा जत्तिकै साउण्ड 'बागमती'मा अनुभव गर्न सकिन्छ । भिएफएक्स तथा एनिमेशनमा पनि तारिफ गर्ने ठाउँ छ । कलाकारको रुपमा हेर्दा आम नेपाली फिल्ममा देखिने महानायक राजेश हमाललाई पृथक किसिमले प्रस्तुत गरिएको छ । उनका डायलग डेलिभरी अन्य फिल्मका भन्दा फरक छन् । अभिनय कला पनि केहि पृथक देखिन्छ । त्यस्तै पछिल्लो समय खलनायकको रुपमा देखिएका ध्रुब कोईरालाको भुमिका खास देखिन्छ भने रविकर घिमिरे र बाल कलाकार कञ्चन ठकुरीको अभिनयकलाले ठाउँ ठाउँमा दर्शकको मन छुन्छ ।

कमजोर पक्ष:

फिल्म हेर्ने दर्शकले फिल्म अपुरा भएको गुनासो गरे । निर्देशक केरालाले 'बागमती २' बनाउने भनेर केहि सस्पेन्स यतीकै छाडेर सकाएका छन् । त्यस्तै केही लामो र पट्यार लाग्ने दृश्यहरु पनि फिल्ममा समावेश छन् । पात्रलाई न्याय गर्न निर्देशक चुकेका छन् ।

निर्देशकले फिल्मको 'सेन्ट्रल लाईन' के हो त्यो दर्शकलाई बुझाउन सकेका छैनन् । खासगरी राजेश र शिव पात्र को हुन्, के को लागी फाईट गर्दैछन् नै दर्शकलाई कनफ्युज हुनसक्छ ।





Admission Open
for 2072/073
Turners
Pathshala
A Motessori Based
Pre-School

Features

- Well equiped audio visual lab
- Montessori lab
- ECD experters and psychologists
- Parents counseling
- Experienced facilitators
- Homely environment
- Limited Class size
- Life skills based learning
- Ample space for outdoor activities
- Peroidic health check ups
- Foods with calorie analysis
- Managed by a group of academicians

बचत आजको आवश्यकता

विश्वसनियताको एउटै थलो

निर्मल बुद्धभूमि बचत तथा ऋण सहकारी संस्था लिमिटेड

तःगवपि कीर्तिपुर

फोनः ४३३२८८१

युवालाई पेन्डुलम बनाउने खेल



तुलसा दुलाल
अध्यापन,
पाटन संयुक्त क्याम्पस

यूवाका सम्बन्धमा प्राय: सबै देशले समय परिस्थिति र आवश्यकताअनुसार उमेर फरक(-फरक तोकिदिएको पाइन्छ। कुनै देशले उमेर समूहलाई प्राथमिकता दिने गरेका छन् त कसैले श्रृजनशिलता र कृयाशीलतालाई प्राथमिकता दिने गरेको पाईन्छ। विभिन्न देशअनुसार यूवा उमेर समूह यसप्रकार देखिन्छ। संयुक्त राष्ट्रसंघले यूवाको उमेर समूह १८-२४ वर्ष तोकेको छ भने जापान १०-२४ वर्ष, स्विडेन १५-२४ वर्ष, न्यूजिल्याण्ड १५-२५ वर्ष, वंगलादेश १५-३० वर्ष, जर्मनी १५-२६ वर्ष, दक्षिण अफ्रिका १४-३५ वर्ष, सोलोमोन आइल्याण्ड १४-२९ वर्ष, भारत १५-३५ वर्ष र नेपाल १०-२९ वर्ष उमेर समूहका मानिसहरुलाई यूवा भनि तोकिएको छ। भने नेपालमा १०-२४ वर्षलाई किशोर किशोरी भनि छुट्याएको छ।

विश्वमा कुल जनसंख्याका २६ प्रतिशत भाग यूवाहरुले ओगटेका छन्। नेपालमा २०५९ सालमा तयार गरिएको राष्ट्रिय यूवा नीतिको मस्यौदामा १५-२९ वर्ष उमेर समूहलाई यूवा मानेको छ। हाल नेपालमा यूवायूवतिहरु कुलजनसंख्याको एक तिहाई रहेको छ। पोर्चुगलको लिस्वनमा सन् १९९८ अगस्ट ८ देखि १२ सम्म सम्पन्न सम्मेलनले सिफारिस गरेका आधारमा अगस्ट १२ लाई अन्तर्राष्ट्रिय युवा दिवसका रुपमा मनाउने घोषणा गरेको थियो र त्यसपछि मात्र विश्वमा यूवा दिवश मनाउन थालिएको हो।

विकसित राष्ट्रहरुमा यूवाहरु १८/२० वर्षसम्म उच्च माध्यमिक शिक्षा पास नगरुन्जेलसम्म बुबाआमाको खर्चमा पढ्छन्। उच्च माध्यमिक शिक्षा पास गरिसकेपछि उनिहरु बुबाआमाको सहयोग बिना पनि देशमा भएका उद्योग कलकार खाना र विभिन्न कार्यालयमा काम गर्दै शिक्षा आर्जन गर्ने अवसर प्राप्त हुन्छ। जति घण्टा काम गर्दा आफुलाई खर्च पर्याप्त हुन्छ त्यतिनै घण्टा काम गर्ने सुविधा हुन्छ। जसले गर्दा मानिसको आहार विहार खाने बस्ने, सुत्ने, काम गर्ने, मनोरञ्जन गर्ने, अध्ययन गर्ने सम्पूर्ण कुराको योजना मिलेर गरेको हुन्छ र नागरीकहरु पनि सभ्य शुशिल, बफादारी र उत्तरदायीत्वको भावनाको विकास हुन्छ। यूवा एक सिर्जनशील समूह हो जसको कुनै व्याख्या नै आवश्यकता छैन। विकासका काममा यूवा, आमूल परिवर्तन गर्न, ठूला ठूला आन्दोलनहरु गरेर सत्ता परिवर्तन गर्न, उत्पादनका काममा सक्रिय हुने काममा यूवाहरुको सबैभन्दा ठूलो देन रहन्छ।

नेपालमा युवा जनसंख्यामा १० वर्षदेखि २४ वर्ष समुहका व्यक्तिलाई लिइएको छ। यसलाई ३ चरणमा विभाजन गरिएको पाइन्छ। प्रथम चरणमा १०-१४ वर्ष जसलाई किशोरकिशोरी समूह भनिन्छ भने दोस्रो चरणमा १०-१९ वर्षका जसलाई यूवायूवति र तेस्रो चर णमा १५-२४ वर्ष समूह पर्छ। जसलाई यूवा समूह भनिन्छ।

सन् २०१०/११ मा नेपालमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले राष्ट्रिय स्तरमा किशोरकिशोरी तथा यूवा सर्वेक्षण गरेको थियो। जसअनुसार राष्ट्रिय स्तरमा ८,९७४ घरधुरीबाट १०-२४ वर्षका १४,७५४ जना किशोर किशोरीहरुलाई अर्न्तवार्तामा समावेश गरेको थियो। ७५ जिल्ला १४ अञ्चल र ५ विकास क्षेत्रकै प्रतिनिधित्व हुनेगरी ७९ प्रतिशत ग्रामीण र २१ प्रतिशत शहरी क्षेत्रमा सर्वेक्षण गरेको थियो। यसले नेपालको राष्ट्रिय स्तरको साथै ग्रामिण, शहरी क्षेत्र भौगोलिक क्षेत्र र पाँच विकास क्षेत्र तथा काठमाण्डौं उपत्यकाको विवरण उपलब्ध गराएको छ। यस सर्वेक्षणको नतिजा अनुसार ८० प्रतिशत यूवा किशोकिशारीहरु गाँउमा र २० प्रतिशत शहरमा बसोबास गर्दा रहेछन्। त्यसैगरि यिनीहरुको साक्षरता दर उच्च (यूवकहरु ९५ प्रतिशत, यूवतिहरु ८८ प्रतिशत) रहेको भएतापनि १२ प्रतिशत यूवतिहरु र ५ प्रतिशत यूवकहरु कहिल्यै पनि विद्यालय गएका छैनन्। विद्यालय जाने मध्ये पनि १९ प्रतिशतले (यूवकहरु १६ प्रतिशत यूवतिहरु २२ प्रतिशत) मुख्य तथा आर्थिक तथा पारीवारीक कारणले गर्दा आफ्नो पढाई पुरा नगरी अध्ययन छोड्ने सर्वेक्षणले देखाएको छ। साथै ३५ प्रतिशत यूवतिहरुले विवाहकै कारणले मात्रै आफ्नो पढाई पुरा नगरी अध्ययन छाड्ने सर्वेक्षणले देखाएको छ।

नेपालमा ९२ प्रतिशत यूवकहरु तथा ७७ प्रतिशत यूवतिहरु अविवाहित रहेको देखिएको छ। विवाहको औषत उमेर यूवकको १९ वर्ष र यूवतिको १७ वर्ष रहेको छ भने पहिलो बच्चा जन्माउदाँको औषत उमेर १९ वर्ष रहेको छ। तथापि छ प्रतिशत किशोरीहरु (१५-१९ वर्षका) ले बच्चा जन्माइ सकेको देखिएको छ। विवाहित मध्ये ५३ प्रतिशत यूवकहरु तथा ३८ प्रतिशत यूवतिहरुले आफैले छनौट गरेर विवाह गरेको पाइएको छ। यूवा तथा किशोर किशोरीहरुमध्ये यूवकहरु ७२ प्रतिशत यूवतिहरु ६२ प्रतिशतले प्रेम विवाहलाई उपयुक्त ठानेको यस सर्वेक्षणले देखाएको छ। पहिलो पटकको महिनावारीमा ४ प्रतिशत यूवतिहरुलाई घरबाट टाढा छाप्रोमा ७ प्रतिशतलाई अध्यारो कोठामा, ३० प्रतिशतलाई अलग्गै कोठामा राखेको पाइएको छ भने ४५ प्रतिशत यूवतिहरुले आफ्नो पहिलो पटकको महिनावारीमा केहिपनि नगरेको यस सर्वेक्षणले देखाएको छ।

त्यसैगरी करिब ९२ प्रतिशत किशोरकिशोरीहरुलाई HIV/AIDS को बारेमा जानकारी रहेको देखिन्छ भने १८ प्रतिशतले मादक पदार्थ सेवन गरेको तथा ७ प्रतिशतले लागु औषधिको प्रयोग गरेको देखिन्छ। नेपाल सरकार को आधरभूत निशुल्क स्वास्थ्य सेवा बारेमा ७१ प्रतिशत किशोर किशोरीहरुलाई जानकारी रहेको सो मध्ये ५७ प्रतिशतले सेवा लिएको र सेवा लिएका मध्ये ७१ प्रतिशत सन्तुष्ट रहेको पाइएको छ।

मास मिडिया वा आम सञ्चारको प्रयोगले यूवा यूवतिहरुलाई शिक्षा र जानकारी Information, Education and Commission (IEC) प्राप्त गर्न विशेष सहयोग पुऱ्याउँदछ। जसले सामाजिक, आर्थिक र पारिवारिक जीवनको बारेमा सकरात्मक जानकारी दिन्छ। जसमा अधिकांश यूवायूवतिहरुले रेडियो/एफ.एम. र टि.भी. को उपलब्धता छ भने थोरै मात्र यूवा यूवतिहरुले पत्रपत्रिकार इन्टरनेटको प्रयोग गर्ने गरेको पाइयो। जसमा ४९ प्रतिशत यूवाहरुले नियमित रुपमा रेडियो/एफ.एम. सुन्ने गरेको ३३ प्रतिशतले हप्तामा १ दिन रेडियो सुन्ने गरेको पाइयो। त्यस्तै ४३ प्रतिशतले नियमित रुपमा टि.भी. हेरेको पाइयो भने २७ प्रतिशतले हप्तामा १ दिन टि.भी. हेरेको पाइयो। ९ प्रतिशतले मात्र नियमित रुपमा पत्रपत्रिका हेरेको पाइयो भने २ प्रतिशतले मात्र इन्टरनेट प्रयोग गरेको पाइयो।

निष्कर्ष: नेपालमा साढे आठ प्रतिशत यूवा तथा किशोर किशोरी विद्यायल नजाने गरेको खुलासा भएको छ। ५ प्रतिशत केटा र १२ प्रतिशत केटी विद्यालय गएका छैनन्। यूवा तथा किशोर किशोरीले आर्थिक तथा पारिवारिक समस्या, पढ्ने इच्छा नलागेर, विवाहका कारण, फेल भएर, स्कुल टाढा भएर, कामका कारण पढाई बिचैमा छाडेका बताए। आर्थिक तथा पारिवारीक समस्या तथा इच्छा नलागेका कारण पढाई छाड्ने केटीभन्दा केटा धेरै देखिएका छन्। सानैमा बिहे भएका कारण पढाई छाड्नेमा केटी अगाडी देखिएका छन् भने पारीवारीक समस्या र अभिभावकका कारण विद्यालय जान नपाउनेमा केटीको संख्या बढि छ। आर्थिक समस्याका कारण ४७ प्रतिशत केटा र ३२ प्रतिशत केटी विद्यालय नगएको सर्भेक्षणले देखाएको छ। पारिवारिक समस्याका कारण २४ प्रतिशत केटा र २७ प्रतिशत केटी विद्यालय जान सकेका छैनन्। पढ्ने इच्छा नभएर विद्यालय नगएका १४ प्रतिशत केटा र ७ प्रतिशत केटी पारिवारिक कारण विद्यालय गएका छैनन्। यसरी हेर्दा यस सर्वेक्षणले तथ्याङ्क मात्र होइन। नेपालमा छोरा र छोरी प्रति गरीने व्यवहार लाई समेत उजागर गरेको छ। यो संख्या हार्डकोर ग्रुपको ४.८ प्रतिशतलाई विद्यालय ल्याउन विशेष कार्यक्रम आवश्यक देखिन्छ भने नेपालका यूवाका लागि अब कस्तो नीति बनाउनु पर्छ भन्नेमा स्पष्ट निति आवश्यक देखिन्छ।

संयुक्त राष्ट्र संघले शिक्षा, रोजगार भोकमारी, गरीबी, स्वास्थ्य, वातावरण, लागुपदार्थ दुव्यर्सनी, अवसरमा वृद्धि, बालिका र यूवा महिला निणर्यमा सहभागिता, बालयौन दुराचार, विश्व व्यापीकरण, सुचना प्रविधि, HIV/AIDS, द्वन्द्व र अन्तर पुस्ता सम्बन्ध आदि विषयहरु यूवाका लागि प्राथमिकताका विषयका रुपमा तोकेको छ। नेपाली यूवाहरुका लागि पनि यी प्राथमिकताका विषय प्राय: मिल्ने देखिन्छ।

यूवाहरुले आफ्नो भविष्यको मार्ग कोर्नको लागि विभिन्न कार्यक्रमहरुको निमार्ण गदर्छन् भने यहि अवस्थामा आफ्नो प्रतिभा र वौद्धिक क्षमता पनि लगनशिलता पूर्वक प्रतिवद्ध रहने अवस्था पनि हो। यूवा वर्गमा विभिन्न चुनौतिहरु देखापर्छन्। यी मध्ये यूवा र आफुभन्दा माथिका व्यक्तिका बीचको भावनात्मक समन्वय सुधार गर्न आफ्नो भविष्यको लागि पेशा र जीवनसाथी रोज्न, अध्ययन-अध्यापनको व्यवस्थापन गर्न तथा सामाजिक कार्यमा आफ्नो प्रभूत्व जमाउन तथा रोजगारी प्राप्त गर्ने चुनौतिहरु पाइन्छ तापनि यूवा शक्ति र बाबु आमाको बिचको मनोवैज्ञानिक अन्तर एक आपसमा बुझ्न नसक्नु पनि चुनौतिको रुपमा देखा परेको छ।

नेपालमा यूवाहरुलाई विभिन्न राजनीतिक दलहरुले अनुत्पादन शिल क्षेत्रमा लगाएर पेन्डुलम बनाउने काम गरीरहेका छन्। युवाहरुलाई वाइ सि एल, यूथ फोर्स, तरुण दल, यूर्थ भोलेन्टियर यूवा दस्ता साम्प्रदायिक दस्ता पनि तयार गर्दैछन्। यस्ता यूवा फोर्सहरु बनाएर राजनीतिक दलको स्वार्थ पूर्तिका लागि मूडभेड गराउने काम मात्र भएको देखिन्छ। यूवाहरु जे गरीबका छोराछोरी छन्। जसले विद्यालयमा गरीबीको कारणले अध्यायन गर्न पाएनन्। गरीबीकै कारणले आधारभूत आवश्यकता परिपूर्ति गर्न सक्दैनन् उनीहरुलाई सहयोग गर्ने नाममा दलहरुले हिंसामा उतारिदिए जसले गर्दा यूवाहरुको भविष्य अध्यारो तर्फ भकेलिदैं गैरहेको देखिन्छ किनकि कामको अनुभव र जागिरको कुनै ग्यारेन्टि छैन। राजनीतिक दलका नेताहरु कुर्सिमा मिलि मिलि बस्ने भागबण्डामा बाँडिचुडि खाने तर सडकमा यूवाहरुलाई हिंसामा उभ्याएर देश अहिले कहाली लाग्दो स्थितिमा छ।

यूवा यूवा बिच लडाएर राज्यले के जित्छ ? विकासमा काममा यूवा, आमूल परिवर्तन गर्न यूवा, ठूला ठूला आन्दोलनहरु गरेर सत्ता परिवर्तन गर्न, उत्पादनका काममा सकृय हुने काममा यूवाहरुको सबैभन्दा ठूलो देन रहेको छ। अब बन्ने सबिंधानले स्पष्ट यूवानीति बनाउन आवश्यक देखिन्छ। अब सबै क्षेत्रमा यूवालाई सकृय सहभागी बनाई नँया नेपाल निमार्णको प्रकृयामा यूवालाई राज्यका सबै निर्णायक तह र तप्कामा प्रतिनिधित्व गराउनु पर्दछ। व्यवहारिक र आवश्यकतामा आधारित शिक्षा अनिवार्य शिक्षा व्यवस्था लागु गर्नुपर्दछ। यूवाहरुले दिनमा न्यूनतम ३ घण्टा काम गरेर भए पनि आय आर्जन गर्न पाउने यति गर्न नसके बेरोजगार भत्ता दिन पर्ने शैक्षिक प्रमाणपत्रका आधार मा व्यवस्थित ऋणको व्यवस्था सिपमूलक तालिमको व्यवस्था गर्नु आवश्यक देखिन्छ।

लेखक पाटन सयूक्त क्याम्पसमा प्राध्यापनरत छन्।

हार्दिक श्रद्धाञ्जली



जन्म: वि.सं.
२०१७/असोज

निधन: वि.सं.
२०७२/०९/२१

स्व. सानुकाजि खड्गी

यस संस्थाका कर्मचारी श्रीमती लक्ष्मी खड्गी क्षेत्रीको पुज्यनीय बुबा **सानुकाजि खड्गी**को गत पुष २१ गते ५५ बर्षको उमेरमा असामयिक निधन भएकोले दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दु:खद घडीमा शोक सम्तप्त परिवारजनमा हार्दिक समवेदना प्रकट गर्दछौं।

आस्था बचत तथा ऋण सहकारी संस्था लि.
नयाँबजार, कीर्तिपुर-१७

पाँगा बहुउद्देश्यीय सहकारीको आठौं साधारण सभा सम्पन्न



पाँगास्थित पाँगा बहुउद्देश्यीय सहकारी संस्था लि.को आठौं वार्षिक साधारण सभा गत पुस २५ गते शनिवार कृष्ण क्याटरिंगको हलमा सम्पन्न भयो ।

संस्थाका अध्यक्ष नरहरि महर्जनको सभापतित्वमा र सचिव सरव कुमार महर्जनले संचालन गर्नु भएको उक्त सभाको उद्घाटन सल्लाहकार शंकर डंगोलले पानसमा दीप प्रज्वलन गरी गर्नु भएको थियो । अष्टबहादुर महर्जनले स्वागत मन्तव्य दिनु भएको थियो ।

वार्षिक प्रतिवेदन प्रस्तुत गर्नेक्रममा अध्यक्ष नरहरि महर्जनले संस्थाको शेयर पुँजी रु. पचास लाख पुऱ्याउने लक्ष्य राखेको भएतापनि आ.व.२०७२/०७३को मंसिर मसान्तसम्ममा रु.४०,२०,७००/ पुगेको बताउनुभयो । त्यसैगरी आ.व.२०७१/०७२ आषाढ मसान्त सम्ममा निक्षेप रु.२,५४,४१,४८३/ संकलन भै रु.१,४३,१९,८१३/ कर्जा लगानी भएको बताउनुभयो । यस आ.व.२०७२/०७३मा निक्षेपबाट रु.२,८०,००,०००/ संकलन गर्ने लक्ष्य राखेकोमा मंसिर मसान्तसम्म रु.२,६१,८८,४५६/ संकलन भएको छ भने कर्जामा रु.२ करोड पुऱ्याउने लक्ष्य राखेकोमा मंसिर मसान्तसम्म रु.१,७५,०४,८९२/ लगानी भएको जानकारी दिनुभयो ।

संस्थाको उपाध्यक्ष एवं प्रवन्धक शान्तवहादुर महर्जनले वार्षिक आर्थिक प्रतिवेदन प्रस्तुत गर्नु हुँदै संस्थाको कूल चुक्ता शेयर पुँजी रु.४०,१०,१००/- आ.व.२०७१/०७२ मा बचत संकलन रु. ४,४९,९१,७१४/६० गरी कुल बचत संकलन रु.६,६३,९९, ७८७/४०, पुगेको जानकारी दिनुभयो । त्यस्तै गत आ.व.को लगानी रु.१,६५,६७,९३५/२९ र यस वर्षको लगानी रु.१४,२०,६१३/२३ गरी कुल लगानी रु.१,७९,८८,५४८/५२ पुगेको जानकारी दिनुभयो ।

उक्त साधारण सभामा २०७१ सालको एस.एल.सी. परीक्षामा संस्थाका शेयर सदस्यहरुका सन्तानहरु मध्ये उत्कृष्ट २ जनालाई सम्मान गर्नुको साथै नगद पुरस्कार दिइएको थियो । जसमा शेयर सदस्य र त्नवहादुर महर्जनका छोरा कोमिल महर्जन र शेयर सदस्य अष्टवहादुर महर्जनको छोरा अलिश महर्जनलाई सम्मान गरिएको थियो ।

लुमन्ति वचतको आठौं साधारण सभा सम्पन्न



नयाँबजारकीर्तिपुरस्थित लुमन्ति वचत तथा ऋण सहकारी संस्था लि. को आठौं वार्षिक साधारण सभा गत पौष २५ गते कीर्तिपुरस्थित कृष्ण क्याटरिगको हलमा सम्पन्न भयो । संस्थाका अध्यक्ष संघर त्न मानन्धरको संभापतित्वमा भएको उक्त सभामा प्रमुख अतिथि संस्थाका जेष्ठ शेयरधनी सिद्धि वहादुर महर्जनले पानसमा बत्ति वाली कार्यक्रमको उद्घाटन गर्नु भएको थियो ।

रामशरण महर्जनले संचालन गर्नु भएको उक्त कार्यक्रममा श्रीमती रोजिना महर्जनले स्वागत मन्तव्य दिनु भएको थियो । अध्यक्ष संघरत्न मानन्धरले अध्यक्षको प्रतिवेदन, नाति वहादुर महर्जनले कोषाध्यक्षको प्रतिवेदन र कविन्द्र महर्जनले लेखा प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो । त्यस्तै गरी आमन्त्रित सहकारीवाट सहभागि हुनु भएका अतिथि किपू वचत तथा ऋण सहकारीका प्रतिनिधि सिद्धिकुमार मानन्धर र श्रीपञ्चमी वचत तथा ऋण सहकारी संस्थका अध्यक्ष राजेन्द्र मानन्धरले पनि उक्त संस्थाको उत्तररोत्तर प्रगतिको कामना गर्दै वधाई दिनु भएको थियो । अध्यक्षको प्रतिवेदन अनुसार संस्थाको शेयरपुजी रु.८०,२६,०००।- रहेको छ भने त्यस संस्थाले यस वर्ष निक्षेप रु.४,१२,४९,१२१।- संकलन गरेको थियो भने कर्जा लगानीमा रु.२,६८,२०,५०८।२८ रहेको प्रतिवेदनमा उल्लेख गरिएको छ । आउँदा दिनमा निक्षेपलाई शेयरपुजीको १० गुणा र कर्जालगानीलाई पनि सोही अनुपातमा वृद्धि गर्दै जाने लक्ष्य राखेको छ ।

दोस्रो सत्रको कार्यक्रममा प्रस्तुत गर्नु भएको प्रतिवदेनलाई उपस्थित शेयरधनी महानुभावहरुले तालि वजाई अनुमोदन गरि पारित गर्नु भएको थियो । लगत्तै पहिलो सत्रलाई विसर्जन गरि नयाँ कार्यसमितिको चयनको लागि निर्वाचन समितिका निर्वाचन अधिकृत धर्म महर्जनले कार्याक्रम संचालन गर्नु भएको थियो । वहाँले शेयरधनी महानुभावहरु विच छलफल गर्दा नयाँ कार्यसमितिमा निर्विरोध पहिलेकै कार्यसमितिका पदाधिकारीहरु मनोनयनमा समर्थन प्राप्त गरि नयाँ कार्यासमितिका पदाधिकार ीहरुलाई खादा लगाई वधाई दिई सपथग्रहण गराईएको थियो । नयाँ कार्यसमितिका पदाधिकारीहरुमा अध्यक्षमा श्री संघरत्न मानन्धर, उपाध्यक्षमा श्री हिरारत्न मानन्धर, सचिवमा श्री ज्ञानुराजा महर्जन, कोषाध्यक्षमा श्री नाती वहादुर महर्जन, सदस्यहरुमा श्री राजेश महर्जन, श्री वंशलाल महर्जन, श्री र ाम शरण महर्जन, श्री जय मानन्धर, श्रीमती रोजिना महर्जन र लेखा उपसमितिका संयोजकमा श्री कविन्द्र महर्जन रहेको छ ।

"न्यूनतम शुल्कमा गुणस्तरीय शिक्षा, SS College को प्रतिवद्धता"

Admission Open



BBS (12th Batch) ☛ English + Nepali Medium (only Two Sections)

BA (9th Batch) ☛ 82% Pass in 3rd year

BSW (3rd Batch)

Special Scholarship on 25th Anniversary (SILVER JUBILEE)

Orientation Programme : 7:30 AM, Sunday, 27th Mangsir, 2072
Classes Begin : Wednesday 1st Poush, 2072

First & Best Community College of Kirtipur

For Further Details Contact:

Shahid Smarak College

Nayabazar, Kirtipur Entrance Gate

Phone No. 01-4333937/ 01-4330279

स्वराज कृषि सहकारीको पाँचौ साधारण सभा



स्वराज कृषि सहकारी संस्था लि.को पाँचौं वार्षिक साधारण सभा गत पुस २५ गते शनिवार ए वान पार्टी भेन्यू चिखुमा सम्पन्न भयो।

संस्थाका अध्यक्ष ई.दुर्कमान महर्जनको सभापतित्व र सचिव सुनिता शाक्यद्वारा संचालित उक्त सभाको उद्घाटन नौलो तरिकाले "एकका लागि सबै, सबैको लागि एक" भन्ने मूल नारालाई सार्थक बनाउन सभामा उपस्थित सबैले ताली बजाएर गरिएको थियो। रमेश महर्जनले स्वागत मन्तव्य दिनुभएको थियो।

वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने क्रममा अध्यक्ष ई.दुर्कमान महर्जनले अल्पकालीन र दीर्घकालिन योजना प्रस्तुत गर्नु हुँदै आगामी ५ वर्षमा संस्थाको कारोबार रु.१० करोड पुऱ्याउने बताउनुभयो।

त्यस्तै कोषाध्यक्ष एवं प्रवन्धक ज्ञानरत्न महर्जनले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नु हुँदै शेयर पुँजी संकलन तर्फ गत वर्षको तुलनामा रु.५,४६,२०० वृद्धि भई रु. ४१,१२,१००/ पुगेको जानकारी दिनुभयो। त्यस्तै बचत संकलन तर्फ आ.व. २०७१/०७२ मा रु.१,५४,५६,१०६ संकलन भएको, कर्जा लगानी तर्फ रु. रु.१,८०,२६,४१४/ पुगेको जानकारी दिनुभयो।

सल्लाहकारहरु पंचलाल महर्जन, धनवहादुर महर्जन र श्रीकृष्ण महर्जनले शुभकामना मन्तव्य दिनु भएको थियो।


नगां ज्ञानमालाको प्रशंसनीय काम

नगां ज्ञानमाला भजन खल: भन्नाले बौद्ध धर्म सम्बन्धी भजन किर्तन गर्ने भन्ने बुझिन्छ। तर नगां ज्ञानमाला भजन खल:ले केवल भजन कीर्तिन गर्ने मात्र होइन आफ्ना सदस्यहरुलाई केही राम्रा ज्ञानका पक्षहरु पनि प्रस्तुत गर्ने गरेका छन।

यसै क्रममा गत पुस २५ गते शुक्रवार भिमसेन दास महर्जन नगाउँको घरमा विविध प्रशिक्षण कार्यक्रमको आयोजना गरियो। जसमा ज्ञानमाला भजन प्रस्तुतिको साथै काँचो टुसा पलाएको खानाको बारेमा ज्ञान वहादुर महर्जन नेवा:, वक्तृत्व कला सम्बन्धि श्रीकृष्ण महर्जन, ज्ञानमाला भजनको व्यवहारिक हुने कलाबारे र विपस्यना ध्यान र आनापाना बारे बेखाराम महर्जनले प्रशिक्षण दिनु भएको थियो।

५० जना सहभागिरहेको उक्त प्रशिक्षण कार्यक्रम ५ घण्टा चलेको थियो। कार्यक्रम संचालन हीरा डंगोल, र धन्यवाद ज्ञापन बेखाराम महर्जनले गर्नु भएको थियो।

प्रशिक्षकहरुलाई बेखालाल महर्जन, अष्टवहादुर महर्जन, र रामदास महर्जन र सन्तोष महर्जनले खादा ओढाई सम्मान गरिएका थिए।









आयुर्वेदमा देश र कालको निरुपण



डा.सोनेलाल साह

जीवनको विभिन्न पक्षहरुलाई प्रभावित अनेक कारणहरुमध्ये देश र काल विशेष महत्वका मानिन्छन्। आयुर्वेदमा विभिन्न प्रसङ्गहरुमा यी दुवैको चर्चा गरिएको पाइन्छ। जुन ठाउँमा कुनै प्राणी वा वस्तु उत्पन्न हुन्छ अथवा रहन्छ त्यो ठाउँलाई देश भनिन्छ। आयुर्वेदमा देशको दुई भेदहरुको उल्लेख भएको छ। भूमि र देश।

जुन ठाउँमा प्राणीहरुद्वारा उपभोग गरिने अन्न र औषधद्रव्यहरु उत्पन्न हुन्छन्, बढ्छन् र आफ्नो गुण अर्जित गर्छन् त्यस्तो ठाउँलाई भूमिदेश भनिन्छ । भूमिदेश तीन किसिमको मानिएको छ – जङ्गल, आनूप र साधारण। जुन ठाउँमा भूमिगत जलको मात्रा निकै कम हुन्छ, घाम कडा हुन्छ, हावा बढी चल्छ, वनस्पतिहरु कम मात्रामा उब्जन्छन् त्यस किसिमको भूमिलाई जङ्गल देश भनिन्छ। जुन ठाउँमा विभिन्न किसिमका जलाशयहरु, छायाँ, नदी-नाला, ताल, तलाउ, पोखरी प्रशस्त मात्रामा हुन्छन्, जचर प्राणीहरु प्रशस्त मात्रामा हुन्छन्, पानीमा हुर्कने, पौड्ने जीवहरु प्रशस्त मात्रामा हुन्छन्, केरा, नरिवल, उखु आदि बढी मात्रामा उब्जन्छन, माटो मुलायम भएको हुन्छ, त्यस्तो ठाउँलाई आनुप दुवैको लक्षण भएको देशलाई साधारण देश भनिन्छ।

आतुर देश भन्नाले रोगीको शरीर र उ बस्ने ठाउँ भन्ने अर्थ हुन्छ। रोगीको जन्म कस्तो ठाउँमा भएको छ, त्यस ठाउँमा मानिसहरुको खान-पान कस्तो छ, चाल-चलन कस्तो छ, हावा-पानी कस्तो छ, यी सबै कुरा बुझेको खण्डमा रोगको कारण बुझ्न, उपचार गर्न, पथ्य-अपथ्य कुरा सल्लाह दिन सजिलो हुन्छ । तराई क्षेत्रमा बस्ने मानिसहरुमा औलो, टाइफाइड, हातिपाइले जस्ता रोगहरुको प्रकोप बढी मात्रामा पाइन्छ।

भूमि देशको स्वभाविक अवस्थामा त्यहाँ उत्पन्न हुने अन्नबाली फलपूmल र जडीबुटीहरुको गुणमा विशेषता आउँछ। त्यसैले विशेष ठाउँमा उत्पन्न अन्न आदि खाद्य पदार्थहरुको स्वाद, सुगन्ध आदि अरु ठाउँको भन्दा बढी हुन्छ। त्यसैले इलामको चिया, पाल्पाको अदुवा, हुम्ला- जुम्लाको, यार्सा-गुम्बा, फर्पिङ्गको सुन्तला, मुस्ताङ्गको स्याउको विशेष महत्व हुन्छ। शीतवीर्य औषधि पहाडी- हिमाली क्षेत्रमा उत्पन्न भएको छ भने त्यो उत्तम मानिन्छ । उष्णवीर्य औषधि भएमा विन्ध्य पर्वततिरको उत्तम मानिन्छ। त्यसैगरी मानिस आदि जीवजन्तुहरु पनि जुन देशको मोटो र हावापानीमा हुर्केका छन्, त्यस देशमा उत्पन्न औषधिहरु तिनका लागि विशेष रुपमा उपयोगी र हित गर्ने हुन्छन्।

खाद्य वस्तुहरुको हित-अहित प्रभावको निर्णय गर्ने अथवा त्यस्तो प्रभाव उत्पन्न गर्ने कारणहरुमा देश पनि पर्छ । राम्रो माटो र हावा पानी भएको ठाउँमा उत्पन्न खाद्य वस्तु पोषिलो र स्वास्थ्यवर्धक हुन्छ। त्यसले सबैजसो मानिसहरुलाई हित गर्छ । जुन खाद्य वस्तु प्रदुषित माटो, हावा-पानी भएको ठाउँमा उत्पन्न भएको छ त्यो हानिकारक हुन्छ र रोगहरुको कारण बन्छ । औषधिको रुपमा प्रयोग हुने जडिबुटी जमेको धमिराको गोलो भएको, माटो राम्रो नभएको ठाउँमा उत्पन्न छ भने त्यो रोगको निवारण गर्नका लागि प्रयोग गर्दा उपयोगी हुँदैन।

जनपदोद्ध्वंस अर्थात् एकै समयमा धेरै मानिस तथा जीवजन्तुहरु अनेक थरीका रोग लागेर मरिजाने कारणमा दुषित देश पनि पर्छ।



विभिन्न जीवहरुको जन्म भएको, तिनीहरु जीवित रुपमा रहेको समयलाई काल भनिन्छ। कालका पनि दुई भेद मानिएका छन् -क्षणादिकाल र रोगीको अवस्था । सेकेण्ड, मिनेट, घण्टा, दिन, रात, हप्ता, महिना वर्षको रुपमा व्यवहार गरिने समयलाई क्षणादिकाल भनिन्छ। विभिन्न प्राकृतिक परिवर्तनहरु जस्तै सूर्योदय, सूर्यास्त, वादल, वर्षा, हिउँ, घाम, कुहिरो आदिको अस्तित्वबाट क्षणादि कालको पहिचान हुन्छ । यी सबैको सन्तुलन र क्रमबद्ध व्यवस्थाबाट मानिस आदि सम्पूर्ण प्राणी एवं वनस्पतिहरुको बृद्धि र विकास राम्रो हुन्छ, सुरक्षा हुन्छ। घाम, पानी, वर्षा, हिउँ आदि बढी भाउमा, समयमा नभएमा अथवा उल्टोपाल्टो नमिल्ने गरी भएमा जीव-जन्तु र वनस्पतिहरुको जीवनमा बाधा हुन्छ, तिनीहरु असुरक्षित एवं रोगहरुबाट पीडित हुन्छन्। यो क्षणादिकाल हाम्रो दैनिक व्यवहारको प्रमुख साधन हुन्छ। उचित समयमा उठ्न व्यायाम गर्नु, स्नान गर्नु, निद्राको सेवन गर्नु, उचित समयमा भोजन गर्नु यी दिनचर्याका अङ्गहरु हुन्। यस्तै विभिन्न ऋतु अनुसार खान-पान विहारको सेवन पनि क्षणादि कालको सदुपयोगको रुपमा लिन सकिन्छ ।

भोजन उचित समय अर्थात् सधै निश्चित समयमा सेवन गर्ने गर्दा त्यसको पाचन राम्रोसित हुन्छ, भोक पनि राम्रो लाग्छ, बल पनि आउँछ । समयमा भोजन नगर्ने, कहिल्यै दिनको दुई पटक, कहिले एक पटक, कहिले भोकै बस्ने गर्नाले पाचन प्रक्रिया बिग्रिने, शरीर गल्ने, रोगहरुले चाप्ने हुन्छ ।

समयको विचार गरी उचित आहार-विहारको सेवन गर्दा स्वास्थ्य राम्रो हुन्छ । त्यसको विपरीत काम गर्दा रोगहरुको शिकार भइन्छ।

रोगहरुको विहानमा पनि क्षणादि कालको महत्व हुन्छ। दिन वा रातको विभिन्न भागमा वा कुनै खास मौसममा देखिने लक्षणहरुबाट छुट्टाछुट्टै रोगहरुको निदान गर्न सजिलो हुन्छ । टाउको दुख्ने समस्या विहान शुरु हुने, दिउँसोपछि कम हुँदै जाने राती हराउने भएमा सूर्यावत रोगको निर्णय गरिन्छ।

रोगहरुको सम्प्राप्ति र उपचारको क्षेत्रमा पनि क्षणादि कालको विशेष महत्व हुन्छ।

साहित्य कविता/मुक्तक

नेपाल नाम नमेतिए पुग्छ



कवि राम महर्जन
नगाउँ, किनपा-१६

नयाँ संविधान उत्कृष्ट भनियो
लगतै तराई मधेस बिरोधमा उत्रियो
साथै छिमेकीले नाकावन्दी गरियो
इन्धन अभावले हाःहाःकार मच्चियो ।

पक्षधरले संविधान राम्रो मानियो
विपक्षले संविधान नराम्रो भनियो
राम्रो नराम्रोको दोहोरी चलियो
सर्वसाधारणले सास्ती पायो ।

पञ्चायत पनि पञ्चहरुले राम्रै भनेथ्यो
जनता र विपक्षीले नराम्रो मानियो
अन्तमा पञ्चायत पतन भएर गयो
कतै नयाँ संविधान पनि यस्तै हुने होकी

नेताहरुको बीचमा मनमुताब चल्दा
एकले अर्कोलाई विरोधको भाषण
जसको पक्षमा सत्यता गाँसेको हुन्छ
उसैको पक्षमा जनमत बढ्छ ।

शान्तिको खोजीमा भएको कान्तीले
शान्ति कहाँ लुक्न गयो कुन्नी
नपाउनेले केरा पायो त्यसपछि के भयो
थाहा छैन जनता कसैलाई ।

जसबाट जे जे भए पनि
अभावै अभावले हाःहाःकार मचिए पनि
जनता जनार्दनको मन मन्दिरले
पुकार्छ होला नेपाल नाम नमेतिए पुग्छ

समयले जान्दैन




अर्चना महरा (पाल)

मान्छेले झै मर्न जान्दैन
गएर फेरि फर्किन जान्दैन
समय केवल आफ्नै लागि चलिरहन्छ
मान्छेले प्रयोग नगर्दा सम्म उपयोग हुँदैन ।

समयको महत्व बुझ्यौं भने
यसले नै अद्भूत चमत्कार दिन्छ
व्यर्थमा खेर फाल्यौ भने
खरानी झै उडेर जान्छ र नष्ट हुन्छ ।

समय हरपल मानवका लागि
सधै एकनासले चल्ने गर्छ
हरपल व्यक्तिको कार्यशैली र सङ्घर्षको
लेखाजोखा गरी रहन्छ ।

समयले कसैलाई नियममा राख्दैन
सदुपयोग गर भन्दैन
मान्छेको बरबादीको दया मान्दैन
समय सधै आफ्नो मार्गमा चलिरहन्छ ।



प्रमाणित सुन तथा चाँदीका गहनाका लागि

पद्मिमिनि

Jewellers

अहिले पनि पद्मिमिनिको गहना जहिले पनि

सुन भनेको विश्वास हो

२४ क्यारेट भनेर किने पछि
२४ क्यारेट नै हुनुपर्छ

सुनका गहना, आर्कषक
डिजाईन र भरपर्दो हुनुपर्छ

स्थान : तःग वपी,नगाऊँ ढोबाटो, कीर्तिपुर-१७
सम्पर्क : ९८०२०१३७८०